नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

# विपद् व्यवस्थापन सम्बन्धी वार्षिक प्रतिवेदन
# २०८१

*(आर्थिक वर्ष २०८०/८१ मा तेह्रथुम जिल्लामा विपद् व्यवस्थापनका सन्दर्भमा जिल्लास्तरमा सम्पादन गरिएका क्रियाकलापहरु समावेश गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ अनुसार तयार गरिएको)*

## जिल्ला विपद् व्यवस्थापन समिति
## तेह्रथुम

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

# विषय सूची

शीर्षक | पेज नं.


१. तेह्रथुम जिल्लाको संक्षिप्त परिचयः ........ १

*१.१ जिल्लाको भौगोलिक र साँस्कृतिक अवस्था* ........ १

२. पृष्ठभूमि ........ २

३. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धमा भएका प्रयास ........ ४

*३.१ जिल्लास्तरमा भएका प्रयास* ........ ४

*३.२ स्थानीय तहस्तरमा भएका प्रयास* ........ ६

४. विपद् सङ्कटासन्नता तथा क्षमता विश्लेषणः- ........ ८

*४.१ सुरक्षित स्थानहरूः* ........ ८

४.१.१ प्रकोपको स्तरीकरण ........ १०

४.१.२ संकटासन्नताको विश्लेषण तथा पहिचान ........ ११

*४.२ आर्थिक श्रोत परिचालन क्षमता* ........ १३

*४.३ खोज तथा उद्धार क्षमता( उपकरण तथा मानवीय क्षमता)* ........ १३

४.३.१ मानवीय क्षमता ........ १३

४.३.२ खोज तथा उद्धार सामाग्री विवरण ........ १४

४.३.३ मानवीय सहायता स्थल ( HSA) मा भण्डारण भएका सामाग्री विवरण ........ १८

४.३.४ एम्बुलेन्स ........ २०

४.३.५ दमकल ........ २०

४.३.६ हेलिप्याडको विवरण ........ २०

४.३.७ खुला क्षेत्र ........ २१

५. विषयगत क्षेत्रहरू ........ २२

६. विपद् व्यवस्थापनका क्रममा देखिएका मूख्य सवालहरु ........ २५

७. निष्कर्ष ........ २७

अनुसूची-१ ........ २८

*जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरूः* ........ 28


नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेह्रथुम

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

## १. तेह्रथुम जिल्लाको संक्षिप्त परिचय:

### १.१ जिल्लाको भौगोलिक र साँस्कृतिक अवस्था

यस जिल्लाको पूर्वमा ताप्लेजुङ्ग र पाँचथर, पश्चिम संखुवासभा र धनकुटा, उत्तर ताप्लेजुङ्ग र संखुवासभा, दक्षिणमा धनकुटा र पाँचथरसँग सिमाना जोडिएको छ। यस जिल्लाको कुल क्षेत्रफल ६७९ वर्ग किलो मिटर रहेको छ। २०६८ मा तेह्रथुम जिल्लाको जम्मा जनसंख्या १०१५७७ बाट घटेर २०७८ को राष्ट्रिय जनगणना अनुसार जम्मा जनसंख्या ८८७३१ रहेको छ।

यस जिल्लामा लिम्बु ३६%, क्षेत्रि १९%, बाहुन ११% लगायत अन्य राई, नेवार, तामाङ, गुरुङ, दमाई जातजातिहरु समेत गरी ३४% जातिहरू भएतापनि लिम्बु जातिहरुको बाहुल्यता रहेकोले धान नाच, च्याब्रुङ नाच जस्ता सांस्कृतिक कार्यक्रमहरु बढिमात्रामा हुने गरेको छ। यस बाहेक राष्ट्रिय चाडपर्व दशै र तिहार समेत मनाउने गरेको। समग्रमा यस जिल्लामा विभिन्न जात जातीहरु तथा धर्मावलम्बीहरूको बसोबास भएतापनि धार्मिक, सांस्कृतिक सहिष्णुता कायम रहेको पाईन्छ।

तेह्रथुम जिल्ला उत्तरी अक्षांश-२६·६६" देखी २७·३०" सम्म पुर्वी देशान्तर- ८७·२५" देखी ८७·४५" सम्म फैलिएको यसको क्षेत्रफल ६७९ वर्ग किलो मिटर छ। यस जिल्लाको सिमाना पूर्वमा ताप्लेजुङ र पाँचथर, पश्चिममा संखुवासभा र धनकुटा, उत्तरमा ताप्लेजुङ्ग र संखुवासभा, दक्षिणमा धनकुटा र पाँचथर संग जोडिएको छ। यस जिल्लाको घर धुरी संख्या २१८५७ जनसंख्या पुरुषः ४३५८१ जना, महिलाः ४५१५० जना कुल जनसंख्याः ८८७३१ जना रहेको छ। नेपालको पूर्वी पहाडमा अवस्थित यस जिल्ला भौगोलिक रुपले बिकट तथा दुर्गम रहेतापनि सबै समुदाय तथा जातजाति बिच आपसी सदभाव र सौहार्दपुर्ण वातावरणमा बसोबास रहेको पाइन्छ। यस जिल्लालाई लालिगुँरासको राजधानीको रुपमा चिनिन्छ। यस जिल्लामा उत्पादित ढाका नेपालकै सबै भन्दा राम्रो मानिन्छ। नगरपालिका २ र गाउँपालिका ४ गरी जम्मा ६ वटा स्थानीय तह रहेको छ। यस जिल्लामा ह्यात्रुङ्ग झरना रहेको कारणले पनि यसको महत्व झन् बढेको पाईन्छ। राजनैतिक रुपमा प्रतिनिधि सभा सदस्य एक र दुई प्रदेश सभा सदस्यमा विभाजन भएको छ।

तेह्रथुम जिल्लाको नामाकरण स्व. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरिसकेपछी जग्गाको तिरो भरो उठाउने व्यवस्थासंग सम्वन्धित रहेको पाईन्छ। पृथ्वीनारायण शाहको विजय अभियानको क्रममा गोर्खाली सेनाले खुम्वुवान क्षेत्रमा विजय गरिसकेपछी वि.सं. १९५२ मा यस क्षेत्रका लिम्वुहरुले नेपाल सरकारको आश्रयमा बस्न स्वीकार गरेको बुझिन्छ। त्यस वखत लिम्वुवान क्षेत्र सत्रथुम अन्तर्गत पर्दथ्यो र धनकुटा गौडा अन्तर्गत रहि तिरोभरो धनकुटा गौडामा बुझाउनु पर्ने थियो। तत्पश्चात वि.सं. १९५२ सालमा सत्रथुम मध्ये मित्लुङ्गापहाड, जलहरा, वेलहरा र छथरथुम धनकुटामा रही बाँकी आठराइ र फेदाप, माङ्गरुप, पाँचथर, ताप्लेजुङ्ग, मेवाखोला, माईखोला, तमोरखोला, पाँचखपन, दशमझिया, चैनपुर, सभा उत्तर, संखुवा उत्तर गरी १३ (तेह्र) थुमको तिरो उठाउने गरी तेह्रथुम मालको स्थापना भएको पाईन्छ। वि.सं.२०१८ सालमा नेपाल अधिराज्यलाई ७५ जिल्लाहरुमा विभाजन गरिदा तेह्रथुम अन्तर्गत पर्ने क्षेत्रलाई ताप्लेजुङ्ग, पाँचथर, संखुवासभा र तेह्रथुम गरि ४ वटा जिल्लामा छुट्टाईएको थियो। १३ वटा थुम मध्ये यस जिल्लामा आठराई, फेदाप, माई खोला र धनकुटा जिल्लामा रहेको छथरथुमको पुर्वी भाग मात्रको क्षेत्रफल कायम रहेतापनि साबिक माल उठाउने माल अड्डा यसै जिल्लाको क्षेत्रमा परेको हुँदा यो जिल्लाको नाम



मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

तेह्रथुम रहन गएको हो। २०२३ साल देखी जिल्ला प्रहरी कार्यालय, तेह्रथुमले यस जिल्लामा शान्ति सुरक्षा प्रदान गर्दै आईरहेको छ।

स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गर्न तथा जिल्लाको सामान्य प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ। जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायमगर्ने, नागरिकता तथा राहदानी वितरण गर्न स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सुशासन कायम गर्ने, सार्वजनिक शान्ति विरुद्धका कसुरहरु, उपभोक्ता हित लगायत विशेष ऐनहरुले अधिकार प्रत्यायोजन गरे अनुसारका अर्धन्यायिक कार्यहरुमा शुरु कार्वाही र न्यायिक निर्णय गर्ने साथै विकासात्मक कार्यहरुमा समन्वय तथा सहजीकरण गर्ने जिल्ला प्रशासन कार्यालय, तेह्रथुमका मुख्य मुख्य कार्यहरु हुन। यस कार्यालयका कार्यहरूमध्ये जिल्लामा शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम गर्नु प्रमुख प्राथमिकतामा रहेको छ। नेपालको संविधान २०७२ ले राखेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको मर्म तथा सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूती गर्ने नीति अनुरुप तेह्रथुम जिल्लामा घट्न सक्ने सामाजिक अपराधका क्रियाकलापहरु न्यूनीकरण गर्दै अपराध रहित समाजको परिकल्पना गर्ने, सञ्चालित विकास आयोजनाहरुको निर्माण तथा सञ्चालन निर्वाध रुपमा गर्ने वातावरण सिर्जना गर्ने, पर्यटकीय सुरक्षाका माध्यमबाट पर्यटकहरुको आवागमन दर वृद्धि गर्न सहजीकरण, सीमाजन्य अपराधहरु न्यूनिकरण साथै तेह्रथुम नाकाको व्यवस्थापन, सुरक्षा गरी अवैध चोरीपैठारी, काठ तस्करी, वन्यजन्तु साथै जडिबुटी नियन्त्रण समेत गर्ने कार्यलाइ प्रभावकारी वनाउन तथा अवान्छित गतिविधिहरु नियन्त्रण गर्ने कार्यमा जिल्ला स्थीत सबै सुरक्षा निकायहरु आवश्यकता अनुसार परिचालन गर्ने गरिएको छ।

## २. पृष्ठभूमि

तेह्रथुम जिल्ला आगलागीजन्य प्रकोपवाट उच्च संकतासन्न अवस्थामा रहेको छ। विगतमा भएका विपद्का घटनाहरूलाई विश्लेषण गर्ने हो भने संख्यात्मक दृष्टिले आगलागीका कारण ठूलो धनजनको क्षति भएको छ। यसका अतिरिक्त सुख्खा खडेरी, वाढी, पहिरो, जङ्गली जनावर आतङ्कको समेत जोखिम रहेको छ।

कमजोर भू वनोट, अवैज्ञानिक भू-उपयोग, वातावरणीय प्रभाव अध्ययन विनानै सडक लगायत विकास निर्माणका पूर्वाधारहरुको निर्माण, पानीको स्रोतको कमजोर व्यवस्थापन लगायत प्राकृतिक तथा मानव सिर्जित कारणवाट विपद् जोखिमहरु वढ्दै गएको पाईन्छ।

विपद्जन्य घटनाहरुको जोखिम न्यूनीकरण गर्न पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभका लागि विभिन्न रणनीतिहरु कार्यान्वयन गर्ने गराउने कार्यका लागि जिल्ला विपद् व्यवस्थापन समितिबाट प्रत्येक वर्ष विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा हुँदै आएको छ।

यसै सन्दर्भमा तेह्रथुम जिल्लामा समग्र विपद् जोखिम न्यूनीकरणका लागि लागि भए गरेका पूर्वतयारी, प्रतिकार्य र तत्कालिन पुनर्लाभ सम्बन्धी कार्यहरुको अवस्थालाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ऐन, २०७४ को दफा ४५ तथा सोही ऐनको नियमावली, २०७६ को नियम १६ बमोजिम आर्थिक वर्ष



मीना अर्याल
प्रमुख जिल्ला अधिकारी


२०८०/८१ अवधिमा सम्पादन भएका विपद् व्यवस्थापन सम्बन्धी गतिविधिहरु समावेश गरी देहायअनुसार वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ।

विपद् घटनाहरुको संख्यात्मक अवस्था

आ.व. २०७५।०७६ देखी आ.व. २०८०/८१ सम्म ५ वर्ष अवधिमा यस जिल्लामा भएका विपद् घटना तथा क्षतीको विवरण निम्नानुसार रहेको छ।

| आ.व. | विपद्को प्रकृति | मृत्यु संख्या | वेपत्ता | घाईते/ संक्रमित | प्रभावित घरपरिवार संख्या | क्षती भएको घर संख्या | | प्रभावित घर | अनुमानित क्षती लागत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पुर्ण | आंशिक | | |
| २०७६/७७ | आगलागी | १ | ० | ० | ० | ३० | ० | ३० | ८७०८५५० |
| | वाढी पहिरो | ० | ० | ० | ० | १३ | ० | १३ | २३४६००० |
| २०७७/७८ | आगलागी | २ | ० | १ | ० | ५६ | ० | ५६ | ४१०११६०० |
| | वाढी पहिरो | १ | ० | ६ | ० | २६ | ० | २६ | ६३११५०० |
| २०७८/७९ | आगलागी | ० | ० | १ | ० | ११ | ० | ११ | १८३७४२५० |
| | वाढी पहिरो | १ | ० | ० | ० | ९ | ० | ९ | २३५१००० |
| २०७९/८० | आगलागी | २ | ० | ७ | ० | ५८ | ० | ५८ | ५६३९१२२९ |
| | वाढी पहिरो | १ | ० | १ | ० | ५ | ० | ५ | ३९६५००० |
| २०८०/८१ | आगलागी | ० | ० | ० | ३५ | ४७ | ३ | ५० | ६४७०८१४० |
| | वाढी पहिरो | ० | ० | ० | १ | २ | ३ | ५ | ९०००००० |

विगत ५ आ.व. मा विपद्का कारण भएका मानवीय क्षति संख्याः




मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

## ३. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धमा भएका प्रयास

### ३.१ जिल्लास्तरमा भएका प्रयास

**क. मानवीय सहायता स्थल (Humanitarian Staging Area/HSA) स्थापना**

नेपाल सरकार गृह मन्त्रालय तथा WFP को सहयोग र समन्वयमा यस जिल्लाको लालिगुरांस नगरपालिका वडा न १ अन्तर्गत वसन्तपुर वजारमा HSA स्थापना भई यस कार्यालयले सञ्चालन गर्ने गरी हस्तान्तरण समेत भैसकेको छ। यसमा Mega Disaster को सयमा उपयोग हुने सामाग्रीहरु समेत भण्डारण गरिएको छ।

**ख. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० तर्जुमा तथा कार्यान्वयन**

जिल्ला विपद व्यवस्थापन समितिको निर्णयानुसार विपद पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० तर्जुमा गरि योजनामा उल्लेख भए अनुसारका रणनीति अवलम्वन गरी समग्र विपद् व्यवस्थापनका कार्यहरु सञ्चालन गरिएको छ।

**ग. विपद् प्रतिकार्यको लागि QRT/IRT परिचालन योजना, तेह्रथुम २०८१ तर्जुमा तथा कार्यान्वयनः**

विपद् भएको समयमा खोज तथा उद्दार कार्यको लागि "विपद् प्रतिकार्यको लागि QRT/IR परिचालन योजना, तेह्रथुम २०८१" तर्जुमा गरी कार्यान्वयनको अवस्थामा रहेको छ। उक्त योजनामा विपद् संकटासन्नताको अवस्था, विपद् जोखिमको पूर्वानुमान, QRT/IRT गठन तथा परिचालन, QRT/IRT परिचालन समितिको जिम्मेवारी, QRT/IRT मा सुरक्षा निकायको भूमिका तथा स्थानीयस्तरमा QRT/IRT गठन र कार्यजिम्मेवारी लगायतका विषय समावेश गरिएको छ।

**घ. मनसुन, आगलागी, चट्याङ्ग, महामारी, आँधी प्रतिकार्य आपतकालीन कार्ययोजना २०८१/८२ तर्जुमा तथा कार्यान्वयनः**

जिल्ला विपद् व्यवस्थापन समिति, तेह्रथुमको बैठकको निर्णयानुसार "मनसुन, आगलागी, चट्याङ्ग, महामारी, आँधी प्रतिकार्य आपतकालीन कार्ययोजना २०८१/८२" तर्जुमा गरी कार्यान्वयन भइरहेको छ। उक्त कार्ययोजनामा विगतमा भएका विपद्का घटनाको तुलनात्मक विवरण, सम्भावित जोखिमयुक्त क्षेत्रहरू, मनसुन प्रतिकार्य कार्ययोजना, विपद् प्रतिकार्यका लागि जनशक्ति तथा खोज उद्दार सामग्रीको विवरण, सम्भावित प्रकोप र प्रकोप व्यवस्थापन सम्बन्धी अपनाउनुपर्ने जानकारी पात्रो, खुला क्षेत्र तथा हेलिप्याडको विविरण इत्यादी विवरण समावेश गरिएको छ।

**मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाः**

| क्रसं | विवरण | समय | जिम्मेवारी निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | पहिरो जान सक्ने सम्भावना भएका क्षेत्रहरुको पहिचान गर्ने। | असार मसान्त | जिल्ला समन्वय समिति<br>नगरपालिकाहरु<br>गाउँपालिकहरु | पहिचान गरिएको |



मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| २ | आपत्कालिन कोषको व्यवस्था गर्ने | असार मसान्त | जिल्ला समन्वय समिति<br>नगरपालिकाहरु/गाउँपालिकाहरु | व्यवस्था भएको |
| ३ | खोज तथा उद्दार सामाग्री तयारी अवस्थामा राख्ने र जिल्ला प्रशासनमा समय समयमा प्रतिवेदन गर्ने। | असार मसान्त | जिल्ला प्रशासन कार्यालय<br>नेपाल रेडक्रस सोसाइटी<br>जिल्ला स्थित सुरक्षा निकायहरु | सबै सुरक्षा केन्द्रमा रेडक्रसको पहलमा स्थापना गरेको |
| ४ | तालिम प्राप्त जनशक्ती तयारी तथा परिचालन गर्ने | तत्काल | जिल्ला प्रहरी<br>सशस्त्र प्रहरी<br>नेपाली सेना र<br>नेपाल रेडक्रस सोसाइटी | तालिम दिई तयार गरिएको |
| ५ | राहत सामग्रीको भण्डारण जिल्ला र इलाका उपशाखामा पूर्वतयारी गर्ने | असार मसान्त | नेपाल रेडक्रस सोसाइटी | |
| ६ | एम्बुलेन्स स्ट्रेचर तथा औषधिहरु सूची तयारी | तत्काल | नेपाल रेडक्रस सोसाइटी<br>जिल्ला स्वास्थ्य कार्यालय | सूची तयार गरिएको |
| ७ | खानेपानी आपूर्ति तथा सुद्धिकरणका लागी क्लोरिनको व्यवस्था | असार मसान्त | स्थानीय तहहरु | व्यवस्थापनको तयारी भइरहेको |
| ८ | खाद्य सामाग्री तथा कोषको व्यवस्था | असार मसान्त | स्थानीय तहहरु<br>उद्योग बाणिज्य संघ | व्यवस्थापनको तयारी भइरहेको |
| ९ | विपद् सूचना केन्द्र स्थापना | असार मसान्त | जिल्ला प्रशासन कार्यालय | स्थापना गरिएको |
| १० | स्थानीय संचार माध्यमबाट सचेतनामूलक सन्देश प्रशारण गर्ने | तत्काल | जिल्ला प्रशासन कार्यालय<br>जिल्ला समन्वय समिति<br>नेपाल रेडक्रस सोसाइटी | स्थानीय एफएम परिचालन गर्ने। |
| ११ | यातायातको साधनको प्रबन्ध मिलाउने | तत्काल | जिल्ला प्रशासन कार्यालय<br>सुरक्षा निकायहरु<br>स्थानीय तहहरु | तयारी गरिएको |
| १२ | सेल्टर निर्माण | विपद्को समयमा | जिल्ला प्रशासन कार्यालय<br>स्थानीय तहहरु<br>जिल्ला स्थित सुरक्षा निकायहरु<br>स्थानीय तहहरु<br>नेपाल रेडक्रस सोसाइटी | तयारी भइरहेको |



मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| १३ | स्वास्थ्य टोली RRT परिचालन | विपद्को समयमा | जिल्ला स्वास्थ्य कार्यालय | टोली तयार गर्ने काम भइरहेको |

**ङ. जिल्ला विपद व्यवस्थापन समिति बैठक सञ्चालन तथा निर्णय कार्यान्वयन**

आर्थिक वर्ष २०८०/८१ अवधिमा जिल्ला विपद् व्यवस्थापन समितिको विभिन्न मितिमा ८ (आठ) पटक बैठक वसी निर्णय भएअनुसार विपद् व्यवस्थापन तथा राहत वितरण सम्बन्धी निर्णयहरु पूर्ण कार्यान्वयन गरिएको छ।

**च. विपद व्यवस्थापनको लागि नमुना अभ्यास(Simulation)सञ्चालन**

आगलागी, मनसुन तथा अन्य विपद् बाट कसरी बच्ने/प्रतिकार्य गर्ने भन्ने सम्बन्धमा निम्न मितिमा जिल्ला विपद् व्यवस्थापन समिति, तेह्रथुमको आयोजनामा सुरक्षा निकायसँगको समन्वयमा निम्न स्थानीय तहमा नमुना अभ्यास (Simulation Excercise) सञ्चालन गरिएको छ।

निम्नः

आठराई गाउँपालिकाः २०८०/०८/११ र १२ गते

फेदाप गाउँपालिकाः २०८०/०८/२४ र २५ गते

म्याङलुङ नगरपालिकाः २०८०/०६/२७ र २०८०/१२/२७

छथर गाउँपालिकाः २०८०/०७/२०

मेन्छयायेम गाउँपालिकाः २०८०/०८/०१

**छ. Group SMS मार्फत विपद घटनाहरुको जानकारी गराउने संयन्त्र विकास**

जिल्लामा घटेका कुनै पनि विपद्जन्य घटनाहरुको वारेमा जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारी, जनप्रतिनिधिहरु, सुरक्षाकर्मी, Cluster सदस्यहरु, पत्रकार लगायत आम सरोकारवालाहरुलाई एकैपटक सूचना/सन्देश प्रवाह गर्ने उद्देश्यले Group SMS मार्फत विपद् घटनाहरुको जानकारी गराउने संयन्त्र विकास गरिएको छ।

**ज. राहत रकम तथा सामग्री वितरण**

विपद घटनामा परी ज्यान गुमाउनेका परिवारलाई राहत एवम् घर तथा आवास नष्ट भएका व्यक्तिहरुलाई तत्कालीन राहतस्वरुप जम्मा रु. ६,४९०००।- (अक्षरेपी छ लाख उनन्पचास हजार मात्र तथा विभिन्न सामाग्रीहरु उपलब्ध गराईएको छ।

**३.२ स्थानीय तहस्तरमा भएका प्रयास**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा तेह्रथुम जिल्लास्थित स्थानीय तहहरूको नीति तथा कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषयहरुलाई समावेश गरिएको छ।

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

क. म्याङलुङ नगरपालिकाः

- विपदमा परेका नागरिकहरुका लागि राहत तथा क्षतिपूर्ति कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने।
- विपद् व्यवस्थापन तथा विपद् जोखिम नियन्त्रणको प्रभावकारी कार्य योजना निर्माण गरी लागू गरिने।
- सबैमा वडामा विपद्बाट जोगिनको लागि आगालागी नियन्त्रण सहितका कार्य गर्न तालिम प्रदान गरिने।
- विपद् जोखिमका क्षेत्रहरु आगलागी, पहिरो भूक्षय आदिको सम्बन्धमा जोखिमको क्षेत्रमा सचेतनामूक कार्य सञ्चालन गरिने।

ख. लालीगुराँस नगरपालिकाः

- विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभको क्षेत्रमा काम गर्ने वन, वातावरण तथा विपद् व्यवस्थापन समितिलाई सक्रिय गरी विपद् व्यवस्थापन कोष परिचालन गर्ने नीतिलाई निरन्तरता दिइने।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिने।
- जङ्गली जनावरको आक्रमण तथा द्वन्द्वलाई न्यूनीकरण गर्नको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने।

ग. मेन्छ्यायेम गाउँपालिकाः

- पूर्वाधार आयोजनाहरूको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरूले वातावरणमा पार्ने असर न्यूनीकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EAV) मूल्यांकन गरिने।
- पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धी गरिने।
- भू-सुचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्साङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिने।
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद् पूर्वतयारी विपद् न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइने।
- विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी स्रोत परिचालन गरिने।
- गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरू संचालन गरिने।



नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेह्रथुम

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

घ. फेदाप गाउँपालिकाः

- गाउँपालिकाभित्र रहेका विपद् जोखिम क्षेत्रको पहिचान र नक्शांकन गरिने साथै विपदवाट हुने क्षति न्युनीकरणको लागि पूर्वतयारी सम्बन्धी विशेष कार्यक्रम संचालन गरिने।
- विपद्को समयमा तत्काल राहत र उद्दार कार्यमा जोड दिइनेछ यस कार्यमा सुरक्षा निकाय, स्थानीय युवाक्लब, सामुदायिक संस्था, सहयोगी संस्था र अन्य निकायको परिचालनमा जोड दिइने।
- विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन समिति निर्माण गरिनेछ साथै विपद् व्यवस्थापन कोषलाई थप व्यवस्थित र विस्तारित गर्दै लगिने।
- आकस्मिक रुपमा घट्ने घटनाहरू (बाढी पहिरो, महामारीजन्य रोगबाट हुने पशु चौपायाको मृत्यु आदि) को क्षतिपुर्ती स्वरुप घटनाको प्रकृतिको आधारमा निश्चित आर्थिक सहायता राहत स्वरुप उपलब्ध गराइने।

ङ. छथर गाउँपालिकाः

- विपद्को पुर्बतयारी  तथा प्रतिकार्य योजना निर्माण गरिने।
- विपद् ब्यबस्थापनमा राहत र उदारको कार्यलाई सम्बन्धित सरोकारवालासग समन्वय गरी तत्काल राहात उपलब्ध गराउने।
- विपद् ब्यबस्थापनमा प्रतिकार्यका समानहरू शुरक्षा निकायहरू सग समन्वय गरी तयारी हालतमा राखिएको।

च. आठराई गाउँपालिकाः

- बाढि पहिरो नियन्त्रणको लागि बिषेश कार्यक्रमहरू संचालन गरीने ।
- महामारीजन्य रोगहरूको पहिचान गरी प्रतिकार्यात्मक कार्यमा जोड दिइनेछ।
- विपद्को पहिचान गरी सम्भाब्य विपद्लाई न्युनिकरण गर्न बिषेश कार्यक्रमहरु संचालन गरिनेछ।
- विपद् पुर्ब तयारी विपद् प्रतिकार्य तथा विपद् पस्चातको पुर्नस्थापना जस्ता कार्यको लागि जहा विपद् त्यहाँ सरकार कार्यक्रम कार्यान्वयन गरिनेछ।
- विपदका कारण मृतक परिवारलाई तत्कालीन क्षतिपूर्ति स्वरुप रु ५० हजार उपलब्ध गराईने। साथै घर क्षति हुनेलाई आवश्यक खाद्यान्न समेत उपलब्ध गराईने।

## ४. विपद् सङ्कटासन्नता तथा क्षमता विश्लेषणः-

### ४.१ सुरक्षित स्थानहरूः

यस जिल्लामा विपद्को जोखिममा रहेका स्थानहरू, प्रभावित हुने घरधुरी संख्या, प्रभावित हुने मानिसहरूको संख्या, खोज तथा उद्धार कार्यका लागि परिचालन गर्न सकिने नजिकको सुरक्षा ईकाई र दुरी साथै प्रभावित हुने मानिसहरूलाई राख्न सकिने सुरक्षित स्थानहरू निम्न रहेका छनः



मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

| सि.न | विपद् जोखिममा रहेका स्थानहरु | प्रभावित हुने घरधुरी संख्या | प्रभावित हुने मानिसहरूको संख्या | खोज तथा उद्धार कार्यका लागि परिचालन गर्न सकिनेनजिकको सुरक्षा इकाई र दुरी | प्रभावित हुने मानिसहरूलाई राख्न सकिने सुरक्षित स्थानहरू |
|---|---|---|---|---|---|
| १ | लालिगुँरास न.पा. वडा नं. १ नेभाङ, पाथिभरा मन्दिर छेउ | २ | ९ जना | ईप्रका बसन्तपुर तेह्रथुम, (५ कि.मि.) | जल्पादेवी आ.बि. डोप्किले |
| २ | छथर गा.पा. वडा नं. ६ सुदाप गौरी खडक, छिपुवा असिने टोल | ५०/६० | २५० जना | अ.प्र.चौ. ओखे, प्र.चौ. शुक्रबारे ३ कि.मि.,६ कि.मि. | छथर गा.पा.-१ आङ्दिङ्ग मालिम गुंम्बा, छथर गा.पा.-६ मा रहेको शारदा आ.बि. |
| ३ | छथर गा.पा. वडा नं. ६ सुदाप गौरी खडक, छिपुवा असिने टोल | ३५ | १५० जना | अ.प्र.चौ. ओखे, प्र.चौ. शुक्रबारे ३ कि.मि.,६ कि.मि. | छथर गा.पा.-१ आङ्दिङ्ग मालिम गुम्बा, छथर गा.पा.-६ मा रहेको शारदा आ.बि. |
| ४ | छथर गा.पा. वडा नं.-३ पञ्चकन्या तेलिया खोला बस्ति पञ्चकन्या | ६ | २५ | अ.प्र.पोष्ट शनिश्चरे ७ कि.मि. | पब्लिक आ.बि |
| ५ | आठराई गा.पा.६ मार्से | १ | ५ | प्रचौ चुहान डाडा, ६ किमि दक्षिण पुर्व | विद्यालय |
| ६ | आठराई गापा.६ हातिखर्क | ६ | २५ | प्रचौ चुहान डाडा,७ किमि दक्षिण | विद्यालय |
| ७ | आठराई गापा ९ लोकताम | २० | ११५ | प्रचौ चुहान, ९ किमि पश्चिम दक्षिण | विद्यालय |
| ८ | छथर गा.पा. वडा नं. ३ तेलिया बस्ती पञ्चकन्या | ६ | २५ | अ.प्र.चौ शनिश्चरे ६ कि.मि. | विद्यालय |
| ९ | म्याङलुङ न.पा. ९ कोप्चे | १३ | ५२/५५ | सामुदायिक प्रहरी सेवा केन्द्र बस पार्क २ कि.मि। | जिल्ला वन महासंघ कार्यालय |
| १० | म्याङलुङ न.पा. ९ सफरजुङ | १३ | ५२/५५ | सामुदायिक प्रहरी सेवा केन्द्र बस पार्क २ कि.मि। | जिल्ला वन महासंघ कार्यालय |
| ११ | म्याङलुङ न.पा.३ सेती खोला पुछार | | ५२/५५ | सामुदायिक प्रहरी सेवा केन्द्र बस पार्क २ कि.मि. | जिल्ला वन महासंघ कार्यालय |



मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

### ४.१.१ प्रकोपको स्तरीकरण

सुचिकृत भएका प्रकोपहरुलाई विगत बर्षहरुको प्रकोपको प्रभाव प्रवृत्ति र पुनरावृत्ति सम्बन्धी सूचनाहरु तथा प्रकोपको बारम्बारताको आधारमा प्रकोप स्तरीकरण निम्नानुसार रहेको छ।

| प्रकोप | आगोलागी | बाढी पहिरो | भुकम्प | हुरी बतास | खडेरी | चट्याङ | महा मारी | जंगली जनावर आतंक | सडक दुर्घटना | प्राप्त अंङ्क | स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आगोलागी | | आगोलागी | आगोलागी | आगोलागी | आगोलागी | आगोलागी | आगोलागी | आगोलागी | आगोलागी | ८ | पहिलो |
| बाढीपहिरो | | | बाढीपहिरो | हुरीबतास | खडेरी | बाढी पहिरो | बाढी पहिरो | बाढीपहिरो | बाढी पहिरो | ५ | चौथो |
| भुकम्प | | | | भूकम्प | खडेरी | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | ५ | तेस्रो |
| हुरीबतास | | | | | खडेरी | हुरीबतास | हुरी बतास | हुरी बतास | हुरी बतास | ४ | पाचौं |
| खडेरी | | | | | | खडेरी | खडेरी | खडेरी | खडेरी | ७ | दोस्रो |
| चट्याङ | | | | | | | चट्याङ | जंगली जनावर | सडक दुर्घटना | १ | आठौं |
| महामारी | | | | | | | | जंगली जनावर | सडक दुर्घटना | ० | नवौं |
| जंगली जनावर आतंक | | | | | | | | | जंगली जनावर | ३ | छैटौं |
| सडक दुर्घटना | | | | | | | | | | २ | सातौं |

उक्त विपद्को स्तरीकरण अनुसार जिल्लामा विगतको क्षतिको आधारमा आगलागी पहिलो, सुख्खा खडेरी दोस्रो र भूकम्प तेस्रो स्थानमा रहेको देखिन्छ।

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

४.१.२ संकटासन्नताको विश्लेषण तथा पहिचान

| क्रसं. | विपदको प्रकार | संकटासन्न क्षेत्र न.पा.गाउँपालिका | | | | | | विपद क्षेत्रको पहिचानको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | म्याङलुङ नपा | लालीगुराँस नपा | छथर गापा | मेन्छयायेम गापा | फेदाप गापा | आठराइ गापा | |
| १ | आगलागी / डढेलो | वडा नं १, २, ३ र १०, | वडा नं. ६ र ८ | वडा नं २ हमरजुङ वडा नं ३ पञ्चकन्या, वडा नं ४ फाक्चामारा र वडा नं ५ ओखे | | वडा नं १ सिम्ले, २ ओयाक्जुङ्ग र ३ जलजले | वडा नं ४ इवा, वडा नं ५ छातेढुंगा, वडा न ६ चुहानडाँडा, वडा नं ७ थोक्लुङ | विपदको बारम्बारताको आधार, बाक्लो बस्ती, सुख्खा क्षेत्र, फुसको छानो भएका घर हुनु, चेतनाको कमी |
| २. | पहिरो | म्याङलुङ्ग न.पा. वडा नं ६ सिस्नेखोला र अम्फुवा खोला वडा न ७ र ८, आम्बुङ | ला न पा वडा नं १ र २ बसन्तपुर, वडा नं ४ फुलेक, वडा नं ७ सुङनाम | छथर गा पा वडा नं १ आङदिम, | | फेदाप गा पा वडा नं ५ इसिबु, वडा नं २ ओयाक्जुङ, | आठराइ २ खाम्लालुङ, | विपदको बारम्बारताको आधार, भिरालो जग्गा जमिन, अव्यवस्थित सडक निर्माण |
| ३ | भूकम्प | म्याङलुङ्ग बजार , जिरिखिम्ती बजार, | बसन्तपुर बजार | शुक्रबारे बजार | मोराहाङ बजार | ओयाक्जुङ, | सक्रान्ती बजार, चुहानडाडा | बाक्लो बस्ती भएका बजार क्षेत्र, २०६८ र २०७२ को भूकम्पको प्रभावलाई हेरेर, समग्र जिल्ला प्राभावित हुने |
| ४ | सुख्खा | म्याङलुङ्ग न पा | वडा न ६ | छथर गा पा वडा नं | | फेदाप गा पा | आठराइ गा पा | सुख्खा क्षेत्र, जलवायू |



मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | विपदको प्रकार | संकटासन्न क्षेत्र न.पा.गाउँपालिका | | | | | | विपद क्षेत्रको पहिचानको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | म्याङलुङ नपा | लालीगुराँस नपा | छथर गापा | मेन्छयायेम गापा | फेदाप गापा | आठराइ गापा | |
| | खडेरी | वडा नं १, २ र ३ | सुङनाम र वडा नं ८ मेघा | ५ओखे, वडा नं ४ फाक्चामारा, वडा नं ३ पञ्चकन्या र वडा नं २ हमरजुङ | | वडा नं १ सिम्ले, | वडा नं ५ छातेढुंगा, वडा नं ६ चुहानडाडा, वडा नं ७ थोक्लुङ, | परिवर्तन |
| ५ | जंगली जनावर (बाँदर) आतंक | म्या न पा वडा नं ३ ४ र ९ | ला न पा वडा नं ६ र ७ | छथर गापाका वडा नं १ २ ३ र ४ | | | | जंगलको संरक्षण, जनावरको संरक्षण |

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

### ४.२ आर्थिक श्रोत परिचालन क्षमता

जिल्ला विपद् व्यवस्थापन समिति, विषयगत कार्यालयहरु तथा स्थानीय विपद् व्यवस्थापन कोषको मौजुदा आर्थिक स्रोत परिचालन क्षमता निम्नानुसार रहेको छ;

| सि.नं | निकाय / स्थानीय तह | कोषको अवस्था (रकम) | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला विपद् व्यवस्थापन कोष/जिल्ला प्रशासन कार्यालय | रु. १५,२०,८४२।- | |
| २ | म्याङलुङ नगरपालिका | | बाँकि |
| ३ | लालीगुराँस नगरपालिका | रु. १०,००,०००।- | |
| ४ | मेन्छयायेम गाउँपालिका | रु. ७,००,०००।- | |
| ५ | फेदाप गाउँपालिका | रु. २०,००,०००।- | |
| ६ | छथर गाउँपालिका | रु. ७,००,०००।- | |
| ७ | आठराई गाउँपालिका | रु. १०,००,०००।- | |

### ४.३ खोज तथा उद्धार क्षमता (उपकरण तथा मानवीय क्षमता)

#### ४.३.१ मानवीय क्षमता

| सिन | तालिमको नाम | संख्या |
|---|---|---|
| १ | CADRE | २० |
| २ | DDRT | २१ |
| ३ | First Aid | ९ |
| ४ | खोज तथा उद्धार | २ |
| ५ | जलवायु परिवर्तन जोखिम न्यूनिकरण | १ |
| ६ | प्राथमिक उपचार र खोज तथा उद्धार | ५ |
| ७ | वन डढेलो व्यवस्थापन सम्बन्धि | १० |
| ८ | विपद् व्यवस्थापन | १ |
| ९ | संकटासन्नता विश्लेषण र LDRMP, Fire Fighting | १ |
| | जम्मा | ७० |

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

## ४.३.२ खोज तथा उद्धार सामाग्री विवरण

| क्र.सं. | खोज तथा उद्धार सामग्री रहेको कार्यालयको नाम | उपलब्ध सामग्रीको विवरण | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम/जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र(DEOC) | त्रीपाल | १६ | थान | |
| | | Portable structure | १ | थान | |
| | | First aid box | ३ | थान | |
| | | Electric chain saw | १ | थान | |
| | | Generator | १ | थान | |
| | | Rotary rescue saw | १ | थान | |
| | | Reciprocating saw | १ | थान | |
| | | Rotary hammer drill | १ | थान | |
| | | Gloves | १४ | थान | |
| | | Helmet | २0 | थान | |
| | | Thermas | 10 | थान | |
| | | Torch light | 10 | थान | |
| | | Fire Rack | १० | थान | |
| | | Shovel | १० | थान | |
| | | Face Mask | ६ | थान | |
| २ | शत्रुमर्दन गुल्म, तेह्रथुम। | Safety Helmet | ३५ | गोटा | |
| | | Dynamic Rope | १०० | मिटर | |
| | | Static Rope | १०० | मिटर | |
| | | Nylon Rope | १०० | मिटर | |
| | | Fire Boot | १० | जोर | |
| | | Rappelling Descender | १० | गोटा | |
| | | Carabineer | १० | गोटा | |
| | | Ascender/Descender | १० | गोटा | |
| | | Full Body Harness | १० | गोटा | |
| | | Seat Harness | १० | गोटा | |
| | | Chest Harness | १० | गोटा | |
| | | Portable Air Ventilator Fan System | १ | गोटा | |
| | | Fire Jump Suit | २० | सेट | |
| | | Fire Rake | १० | गोटा | |
| | | Fire Beater | १० | गोटा | |
| | | Handheld Gasoline Rock Drill Machine | १ | गोटा | |
| | | Water Life Jacket | १० | गोटा | |
| | | Stretchers | १० | गोटा | |



नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेह्रथुम

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | खोज तथा उद्दार सामग्री रहेको कार्यालयको नाम | उपलब्ध सामग्रीको विवरण | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| | | Fire Extinguisher | १० | गोटा | |
| | | First Aid Kit (Medical Box) | १० | गोटा | |
| | | Fire Extinguisher Ball | १० | गोटा | |
| | | Gasoline Generator | २ | गोटा | |
| ३ | सशस्त्र प्रहरी बल, नेपाल नं. गुल्म हे. क्वा., तेह्रथुम। | स्विमिङ्ग ज्याकेट | ५ | थान | |
| | | फायर एक्टिङ्गगुईसर | ५ | गोटा | |
| | | फरुवा | ३ | गोटा | |
| | | वेल्चा | १८ | गोटा | |
| | | गैती | १६ | गोटा | |
| | | चेन स | १ | गोटा | |
| | | कटर मेसिन | १ | गोटा | |
| | | वोल्ट कटर | १ | गोटा | |
| | | डेमी ब्रेकर | १ | गोटा | |
| | | क्याराविना लक | ४ | गोटा | |
| | | क्याराविना अनलक | ५ | गोटा | |
| | | फिगर 8 | ३ | गोटा | |
| | | डाईनामिक रोप | ५० | मिटर | |
| | | स्टाटिक रोप | १०० | मिटर | |
| | | फेस माक्स gs | १२ | थान | |
| | | सिट हार्नेस | ३ | थान | |
| | | फायर बल | ८ | थान | |
| | | फायर पम्प पाइप | १ | रोल | |
| | | पिक | १३ | थान | |
| | | गल | १८ | थान | |
| | | आरा | ३ | थान | |
| | | आल्मुनियम वाल्टिन | १० | थान | |
| | | बोल्ट कटर | १ | थान | |
| | | जुमर | ३ | गोटा | |
| | | जेट सुटर | १ | गोटा | |
| | | फायर पम्प | १ | सेट | |
| | | प्लष्टिक हेल्मेट | ३० | गोटा | |
| | | फायर स्वाटर | ६ | गोटा | |
| | | फायर रेक | ६ | गोटा | |
| | | जम सुट | ६ | गोटा | |



नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

| क.सं. | खोज तथा उद्दार सामग्री रहेको कार्यालयको नाम | उपलब्ध सामग्रीको विवरण | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| ४ | सशस्त्र प्रहरी बल सुरक्षा वेश संक्रान्तिबजार | झम्पल | ५ | गोटा | |
| | | बेल्चा | ३ | गोटा | |
| | | गैती | २ | गोटा | |
| | | प्लाष्टिक हेल्मेट | २४ | गोटा | |
| | | सिलिभर बाल्टिन | ३ | गोटा | |
| | | सिलिभर जग | ५ | गोटा | |
| | | फरुवा | २ | गोटा | |
| | | हाते आरा | १ | गोटा | |
| | | बन्चरो | १ | गोटा | |
| | | त्रिपाल | १ | गोटा | |
| ५ | जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी चौकीहरू | हेल्मेट | १२१ | थान | |
| | | लाइफ ज्याकेट | ३४ | थान | |
| | | गैंती | ५६ | थान | |
| | | झम्पल | ५६ | थान | |
| | | स्ट्रेचर | २६ | थान | |
| | | बेल्चा/फरूवा/कोदालो | १०७ | थान | |
| | | लाइन डोरी | | मि. | |
| ६ | नेपाल रेडक्रस सोसाइटी, तेह्रथुम | त्रिपाल | ४५ | थान | |
| | | कम्बल | ६० | थान | |
| | | सादा कपडा | ५० | मिटर | |
| | | बुट्टे कपडा | १०० | मिटर | |
| | | टरिकटन कपडा | ४० | मिटर | |
| | | सर्टिङ्ग कपडा | ६० | मिटर | |
| | | सारी | ३० | थान | |
| | | भाडाँकुडा | ५० | सेट | |
| | | बाल्टिन | १५ | थान | |
| | | स्ट्रेचर | २ | थान | |
| | | म्याट् | ५० | थान | |
| | | एम्बुलेन्स गाडी | १ | थान | |
| ७ | म्याङलुङ नगरपालिका, तेह्रथुम। | दमकल | १ | थान | |
| | | एम्बुलेन्स | १ | थान | |
| | | शववाहन | १ | थान | |



नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेह्रथुम

मीना अर्याल प्रमुख जिल्ला अधिकारी

| क्र.सं. | खोज तथा उद्दार सामग्री रहेको कार्यालयको नाम | उपलब्ध सामग्रीको विवरण | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| | | ट्याक्टर | १ | थान | |
| ८ | लालिगुराँस नगरपालिका, तेह्रथुम। | स्काभेटर (२२०) | १ | थान | |
| | | ब्याक हो-लोडर | १ | थान | |
| | | दमकल | १ | थान | |
| | | एम्बुलेन्स | १ | थान | |
| | | झम्पल | ४ | थान | |
| | | गैंती | ५ | थान | |
| | | बेल्चा | ५ | थान | |
| | | लत्ता कपडा (सिरक/डसना) | ३ | सेट | |
| | | नगर बस | १ | थान | |
| | | ट्याक्टर | २ | थान | |
| ९ | आठराई गाउँपालिका, तेह्रथुम। | ब्याक हो-लोडर | १ | | |
| | | एम्बुलेन्स (मे १ ज ४२६) | २ | | गाउँपालिका को १ र प्राथमिक स्वास्थ्य केन्द्रको १ |
| | | दमकल (प्र-१-०४-००१ ग०००७) | १ | | |
| | | प्रत्येक वडा कार्यालयमा झम्पल, गैंती, कुटे, कोदालो रहेको। | - | | |
| १० | छथर गाउँपालिका, तेह्रथुम। | Toyota सानो गाडी | १ | | |
| | | ट्याक्टर | १ | | |
| | | ट्याङ्कर | १ | | |
| | | टेन्ट | १ | | |
| | | त्रिपाल | ५० | | |
| | | एम्बुलेन्स | १ | | रत्नदेवी समाज |
| | | JCB | १ | | |
| ११ | फेदाप गाउँपालिका, तेह्रथुम। | स्कर्पियो जिप | १ | थान | |
| | | एम्बुलेन्स | १ | थान | ग्लोबल सेवा समाज |
| | | ब्याक होलोडर | १ | थान | |
| १२ | मेन्छ्यायेम गाउँपालिका, तेह्रथुम। | Fire Extinguisher | ५ | थान | |
| | | JCB | १ | थान | |
| | | टेन्ट ठूलो | १ | थान | |
| | | कम्बल | २० | थान | |
| | | बेल्चा | २० | थान | |



मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

## ४.३.३ मानवीय सहायता स्थल ( HSA) मा भण्डारण भएका सामाग्री विवरण

World Food Programme

### Annex 5. Quantity and Condition of Prepositioned Equipment Certification List for handover

Location: Basantapur

Address of Premises: Laligurans Municipality Ward no 1, Tehrathum, Koshi Province, Nepal

| EQUIPMENT CHECKLIST -MHSA BASANTAPPUR-TERHATHUM | | | | | | |
|---|---|---|---|---|---|---|
| SN | Inventory Number | Item Description | Quantity | Available | Not Available | Condition and Remarks |
| 1 | 00822652/00822651 | Mobile Storage Unit 10x24 ALU | 2 | ✓ | | |
| 2 | 523743 | Hand Pallet jack Manual Forklift 1000Kg capacity | 1 | ✓ | | |
| 3 | 00279499/00523795 00523805/00822650 | Container 20 foot | 4 | ✓ | | |
| 4 | NA | Plastic Pallets | 100 | ✓ | | |
| 5 | NA | Fumigation Sheet (15*30) | 2 | ✓ | | |
| 6 | 822302 | Hand Pallet jack - 3000 kg | 1 | ✓ | | |
| 7 | 00523507/00822500 00848009 | Prefab | 3 | ✓ | | |
| 8 | 00523460 | Ablutions Prefab | 1 | ✓ | | |
| 9 | NA | Toolkits for prefab | 1 | | | |
| 10 | 00822452/0082245 00822466 | Air conditioner for office | 3 | ✓ | | |
| 11 | 00486235 | Generator 8KVA | 1 | ✓ | | |
| 12 | 00523807 | Fuel Bladder with set 7500 ltrs - includes, pump, pipes etc | 1 | ✓ | | |
| 13 | 00523702/00523703 0052370/00523700 | Individual Kit (GO BAG) | 4 | ✓ | | |
| 14 | NA | Ladders | 2 | ✓ | | |
| 15 | NA | Tarpaulin (4*6 m) | 10 | ✓ | | |
| 16 | 00822429/00822431 00822430/00822443 00822444/00822427 00822416/00822552 00822442/00822428 00488703/00484706 00487001/00484703 | Folding Chair | 10 | ✓ | | |
| 17 | NA | Dustbin | 2 | ✗ | | Not found |
| 18 | 484706 | White Board | 1 | ✓ | | |
| 19 | NA | White Board with Stand | 1 | ✓ | | |
| 20 | NA | Power Board 5 Sockets | 1 | ✓ | | |
| 21 | 848028 | Water Tank 1000Ltrs | 1 | ✓ | | |
| 22 | 484703 | Water Purifier Machine | 1 | ✓ | | |
| 23 | NA | Water boiler | 1 | ✓ | | |
| 24 | NA | Pressure cooker 5 ltr | 1 | ✓ | | |
| 25 | NA | Alumunium Dekchi 10ltrs with lid | 1 | ✓ | | |

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

World Food Programme

| | | | | | |
|---|---|---|---|---|---|
| A | Pans (Frying pan 32cm) with lid | | | | |
| 8703 | Portable gas cooking stove (two burner) | | ✓ | | |
| 7001 | 100 L Refrigerator | | ✓ | | |
| A | Water Bucket- 20 Lit | | ✓ | | |
| A | Water bucket with Tap & Lid (20-25ltrs) | | ✓ | | |
| A | Water bucket (15 litre no lid) | | ✓ | | |
| A | Plastic water basin | | ✓ | | |

**MHSA prepositioned Equipment inspected and certified by:**

**For MoHA:**
Name: Junu Hamal
Designation: Section Officer
Duty Station: MoHA, Kathmandu
Date: 17 March 2023

**Witness:** DAO
Name: Mohan Prasad Aryal
Designation: CDO
Duty Station: Terhathum
Date: 17 March 2023

**For WFP Nepal**
Name: Manoj K.C.
Designation: Logistics Associate
Duty Station: Kathmandu
Date: 17 March 2023

**Witness:** WFP
Name: Samir Nepal
Designation: Project Engineer
Duty Station: Kathmandu
Date: 17 March 2023

**Endorsed by:**

**For MoHA:**
Name:
Designation:
Duty Station:
Date:

**For WFP Nepal**
Name:
Designation:
Duty Station:
Date:



नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेह्रथुम

मीना अर्याल प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
म्याग्दी

### ४.३.४ एम्वुलेन्स

| क्र.स. | एम्बुलेन्स भएको स्थानीय तहको नाम | एम्बुलेन्स संचालन गर्ने निकाय | चालकको नाम | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|
| १ | म्याङ्लुङ नगरपालिका | म्याङ्लुङ नगरपालिका | बलराम तुम्बाहाङ्फे | ९८६२०५३४९७ | |
| २ | म्याङ्लुङ नगरपालिका | नेपाल रेडक्रस सोसाईटी तेह्रथुम | शिव मगर | ९८५२०६०१०१ | |
| ३ | म्याङ्लुङ नगरपालिका | आइत बहादुर एभेङ्ग | दोर्जे तामाङ्ग | ९८६०९९५४९९ | |
| ४ | लालिगुराँस नगरपालिका | लालिगुराँस नगरपालिका | तेज बहादुर भूजेल | ९८१०५१३३६० | |
| ५ | आठराई गाउँपालिका | प्राथमिक स्वास्थ्य केन्द्र, संक्रन्तिबजार | बुद्धी घिसिङ | ९८४२४८८३८३ | |
| ६ | फेदाप गाउँपालिका | ग्लोवल सेवा समाज | दिपक तामाङ्ग | ९८४२२१०२१७ | |
| ७ | छथर गाउँपालिका | रत्नदेबी सँस्था | नगेन्द्र भण्डारी | ९८६२१५२७६७ | |
| ८ | म्याङलुङ नगरपालिका | १ | ०२६४६०१३५ | ९८६२०५३४९७ | |

### ४.३.५ दमकल

| | | | | | |
|---|---|---|---|---|---|
| १ | म्याङलुङ नगरपालिका | १ | | ०२६४६०१३५ | |
| २ | लालीगुराँस नगरपालिका | १ | | | |
| ३ | आठराई गाउँपालिका | १ | | | |

### ४.३.६ हेलिप्याडको विवरण

| क्र.सं. | हेपीप्याड रहेको स्थानीय तह | हेलीप्याड रहेको स्थान | को-अर्डिनेट |
|---|---|---|---|
| १ | शत्रुमर्दन गुल्म(म्याङलुङ नगरपालिका) | १ नं वडा को शत्रुमर्दन गुल्म भित्र | २७ ०७' ३८" N<br>87-32-51 E |
| २ | आटराई गाउपालिका | आठराई गा.पा. ४ | 27-13-48 N<br>87-42-19 E |
| ३ | फेदाप गाउपालिका | वडा नं १ र ३ को सिमाना | २७-०९-११ N<br>87-35-41 E |
| आपतकालिन अवतरण हुने स्थान | | | |



मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| क्र.सं. | हेलीप्याड रहेको स्थानीय तह | हेलीप्याड रहेको स्थान | को-अर्डिनेट |
|---|---|---|---|
| १ | छकलीटार म्याङलुङ नगरपालिका | म्याङलुङ | २७-०७-२४ N<br>८७-३२-२० E |
| २ | बसन्तपुर टुटे देउराली | संखुवासभा र तेह्रथुमको सिमाना | २७-०७-५० N<br>८७-२४-३० E |
| ३ | भण्डारी गाउ | म्याङलुङ-१ | २७-०६-४९ N<br>८७-३१-४४ E |
| ४ | आलेटार (म्याङलुङ) | म्याङलुङ -३ | २७-०८-२२ N<br>87-31-43 E |
| ५ | सशस्त्र प्रहरी बल सुरक्षा बेश संक्रान्ती तेह्रथुम | आठराई-१ | २७-१३-०९N<br>87-39-13 E |

४.३.७ खुला क्षेत्र

- आठराई गाउँपालिमा- २ र ३ को सिमानामा रहेको स्थान र ६ र ७ नं को सिमाना
- फेदाप गाउँपालिकामा- २ र ४ नं वडाको सिमानाको डाँडाको स्थान
- म्याङलुङ नगरपालिका - ६ र ७ नं वडा विचको चौर
- लालीगुराँस नगरपालिका- बसन्तपुर वजार माथीको चौर क्षेत्र
- मेन्छ्यायेम गाउँपालिका- ४ र ५ नं वडाको माथिल्लो भागको चौर
- छथर गाउँपालिका - मार्गापोखरी र बतासे आसपास

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

## ५. विषयगत क्षेत्रहरू

विपद् व्यवस्थापनका लागि विषयक्षेत्रगत अवधारणानुसार यस जिल्लामा ९ विषयगत क्षेत्रहरू तय गरी प्रभावकारी ढङ्गले पूर्वतयारी र प्रतिकार्य गर्न सकिएला भनी विभिन्न निकायहरूको समन्वय र सहकार्यमा यो कार्य अगाडी बढाइएको छ। विभिन्न सरकारी तथा गैरूसरकारी संस्थाहरूले आफ्नो दक्षता भएका विषयमा काम गर्ने गरेर विषयगत क्षेत्रहरूले नेतृत्व लिएका छन्।

| क्रसं | बिषयगत क्षेत्र Cluster | मुख्य मुख्य जिम्मेवारीहरु | क्षेत्रगत नेतृत्व | सहयोगी निकाय (Cluster Members) |
|---|---|---|---|---|
| १ | प्रबन्ध ब्यवस्थापन, समन्वय, खोज तथा उद्धार | - विपद प्रतिकार्यको लागि दक्ष जनशक्ति तयार गर्ने,<br>- परिचालन गर्ने, अभिमूखीकरण गर्ने, कृत्रिम अभ्यास गर्ने,<br>- स्रोत पहिचान गर्ने र खतराको नक्साङ्कन गर्ने<br>- समन्वय तथा सहजीकरण गर्ने | जिल्ला प्रशासन कार्यालय | १. जिल्ला समन्वय समिति<br>२. जिल्ला प्रहरी कार्यालय,<br>३. शसस्त्र प्रहरी, बल<br>४. नेपाली सेना (शत्रुमर्दन) गुल्म,<br>५. जिल्ला अनुसन्धान कार्यालय<br>६. नेपाल रेडक्रस सोसाइटी,<br>७. स्वास्थ्य कार्यालय,<br>८. सबै स्थानीय तहहरु<br>९. जिल्लास्थित राजनीतिक दलहरु। |
| २ | कृषि तथा खाद्य सुरक्षा | - विपदमा परेका परिवारहरुलाई तत्काल आवश्यक खाद्य सामाग्री ब्यवस्था गर्ने,<br>- सूरक्षित भण्डारणको ब्यवस्था गर्ने र समानुपातिक रुपमा वितरणका लागि सहयोग गर्ने | जिल्ला समन्वय समिति | १. उद्योग बाणिज्य संघ,<br>२. देउराली सोसाइटी,<br>३. दलित सचेतना समाज,<br>४. सा.व.उ.महासंघ नेपाल<br>५. होटल ब्यवसायी संघ,<br>६. स्थानीय तहहरु सबै<br>७. जिल्लास्थित राजनीतिक दलहरु |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

| क्रसं | बिषयगत क्षेत्र Cluster | मुख्य मुख्य जिम्मेवारीहरु | क्षेत्रगत नेतृत्व | सहयोगी निकाय (Cluster Members) |
|---|---|---|---|---|
| ३ | गैरखाद्य सामग्री | - विपदमा परेका प्रभावित परिवारहरुलाइ तत्काल अस्थाइ बसोबासको व्यवस्था तथा<br>- तत्काल लत्ताकपडाको ब्यवस्था गर्न सहयोग गर्ने। | नेपाल रेडक्रस सोसाइटी | १. जिल्ला प्रशासन कार्यालय,<br>२. जिल्ला समन्वय समिति,<br>३. देउराली सोसाइटी,<br>४. दलित सचेतना समाज,<br>५. सा.व.उ.महासंघ नेपाल<br>६. स्थानीय तहहरु सबै |
| ४ | आपत्कालिन स्वास्थ्य, पोषण तथा खानेपानी र सरसफाई | - विपदको समयमा घाइते तथा विरामी व्यक्तिहरुको तत्काल उपचारको व्यवस्था मिलाउने<br>- अस्थायी शिविर सञ्चालन गर्ने<br>- विभिन्न सरुवा रोगहरुको रोकथामको लागि अभियान संचालन गर्न सहयोग गर्ने।<br>- विपद प्रभावीत आश्रय स्थलमा सुरक्षित खानेपानी तथा सरसफाइको व्यवस्था मिलाउन सहयोग गर्ने। | स्वास्थ्य कार्यालय | शिक्षा विकास तथा समन्वय इकाई<br>नेपाल रेडक्रस सोसाइटी,<br>आयुर्वेद कार्यालय,<br>नेपाल क्षयरोग निवारण संस्था<br>दलित सचेतना समाज<br>देउराली सोसाइटी<br>खानेपानी तथा सरसफाई कार्यालय,<br>खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु<br>स्थानीय तहहरु सबै |
| ५ | आपतकालिन शिक्षा | - विपदको समयमा मनोसामाजिक परामर्श सेवा, विभिन्न क्रियाकलाप सहित विद्यालय शिक्षालाइ निरन्तरता दिन सहयोग गर्ने | शिक्षा विकास तथा समन्वय इकाइ | नेपाल रेडक्रस सोसाइटी,<br>स्वास्थ्य कायालय<br>देउराली सोसाइटी,<br>दलित सचेतना समाज<br>प्याब्सन<br>शिक्षक महासंघ,<br>गैसस महासंघ,<br>स्थानीय तहका सबै शिक्षा शाखाहरु<br>जिल्ला अस्पताल |



मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

| क्रसं | बिषयगत क्षेत्र Cluster | मुख्य मुख्य जिम्मेवारीहरु | क्षेत्रगत नेतृत्व | सहयोगी निकाय (Cluster Members) |
|---|---|---|---|---|
| ६ | आपतकालिन आश्रय तथा आवास | - विपदमा परेका प्रभावित परिवारहरुलाई सुरक्षित स्थानान्तरणको लागि पहल गर्ने<br>- आपतकालिन अवस्थामा अस्थाइ बसोबासको व्यवस्था गर्न सहयोग गर्ने<br>- | डिभिजन वन कार्यालय | जिल्ला प्रशासन कार्यालय<br>जिल्ला समन्वय समिति,<br>नेपाली सेना,<br>जिल्ला प्रहरी,<br>सशस्त्र प्रहरी<br>शिक्षा विकास तथा समन्वय इकाई<br>नेपाल रेडक्रस सोसाइटी<br>सामुदायिक वन उपभोक्ता महासंघ<br>दलित सचेतना समाज<br>निर्माण ब्यवसायी महासंघ<br>गैसस महासंघ<br>सबै स्थानीय तहहरु |
| ७ | आपत्कालिन संरक्षण | - आपतकालिन अवस्थामा शान्ति सुरक्षाको व्यवस्था मिलाउने,<br>- आपतकालिन अवस्थामा लैंगिक, सामाजिक, यौनिक हिंशा न्यूनिकरणको लागि ब्यवस्था गर्ने। | जिल्ला प्रशासन कार्यालय | जिल्ला समन्वय समिति<br>नेपाली सेना<br>नेपाल प्रहरी<br>सशस्त्र प्रहरी वल नेपाल<br>सरकारी वकिलको कार्यालय<br>नेपाल रेडक्रस सोसाइटी<br>देउराली सोसाइटी<br>जिल्ला बाल संगठन<br>इन्सेक<br>अपाङ्ग सशक्तिकरण तथा पुनस्थापना केन्द्र<br>सबै स्थानीय तहहरु |

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

| क्रसं | बिषयगत क्षेत्र Cluster | मुख्य मुख्य जिम्मेवारीहरु | क्षेत्रगत नेतृत्व | सहयोगी निकाय (Cluster Members) |
|---|---|---|---|---|
| ८ | सञ्चार तथा सूचना | - Cluster हरु बीच सूचना, संचार र सहजीकरण गर्ने<br>- आपतकालिन तथा सामान्य अवस्थामा बैठकको आयोजना गर्ने,<br>- सम्बन्धित निकायहरुमा पत्राचार. प्रतिवेदन तथा रिपोटिङ गर्ने।<br>- आपतकालिन अवस्थामा संचार सेवाको ब्यवस्था मिलाउने। | जिल्ला प्रशासन कार्यालय | जिल्ला समन्वय समिति<br>नेपाली सेना,<br>जिल्ला प्रहरी कार्यालय,<br>शसस्त्र प्रहरी,<br>जिल्ला पत्रकार महासंघ<br>नेपाल रेडक्रस सोसाइटी<br>जिल्ला हुलाक कार्यालय<br>दुरसंचार कार्यालय<br>स्थानीय रेडियोहरु<br>सबै स्थानीय तहहरु |

## ६. विपद् व्यवस्थापनका क्रममा देखिएका मूख्य सवालहरु

यस जिल्लामा समग्र विपद व्यवस्थापन कार्यको सन्दर्भमा भोगिएका मुख्य मुख्य समस्याहरुलाई निम्नानुसार उल्लेख गरिएको छ;

### क. स्थानीय विपद व्यवस्थापन समितिको सक्रियता

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार विपदको पूर्वतयारी, सामान्य प्रतिकार्य तथा पुनर्लाभिका कार्यहरु स्थानीय सरकारको कार्यक्षेत्र भित्र पर्दछ। स्थानीय तहबाट विपद पश्चातको तत्कालीन राहात उपलब्ध गराउदै आएको भएतापनि विपद जोखिम न्यूनीकरणको लागि पूर्वतयारी तथा पुनर्लाभिको क्षेत्रमा स्थानीय सरकारको सक्रियता अपेक्षाकृत रहेको पाईदैन। स्थानीय स्तरमा विपद व्यवस्थापनका लागि स्थानीय विपद व्यवस्थापन समिति, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (Local level Emergemcy Operation Center-LEOC) लगायतका संरचना तथा समिति व्यवस्था भएतापनि यसको पूर्ण कार्यान्वयन हुन सकेको छैन।

### ख. स्थानीय तहमा विपद् व्यवस्थापन कार्यको प्राथमिकता

स्थानीय तहको नीति तथा कार्यक्रम/वजेटमा विपद व्यवस्थापनका नीतिगत तथा कार्यक्रमिक विषयहरु उल्लेख भएतापनि यसको कार्यान्वयन पक्ष प्राथमिकतामा रहेको देखिदैन। सबै स्थानीय

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

तहमा विपद व्यवस्थापन कोष विनियोजन भएतापनि कोषको प्रभावकारी परिचालन तथा विपद पूर्वतयारीका क्रियाकलापहरुलाई प्रभावकारी रुपमा सञ्चालन भएको पाईदैन।

**ग. विपद जोखिमको मुख्य कारण अव्यवस्थित विकास निर्माण**

वातावरणीय अध्ययन विनानै स्थानीय तहबाट हुने विकास निर्माणका कार्यहरु विपद् जोखिमका मुख्य कारण वन्दै गएका छन्। वातावरणीय अध्ययन विना अव्यवस्थित तवरबाट डोजर/स्काभेटर लगायत अन्य उपकरणहरु प्रयोग गरी हुने सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने कार्य वर्षेनी वढ्दै जाने गरेका कारण थप क्षति हुने क्रम समेत वढ्दो छ।साथै यस्ता निर्माण कार्यले वन क्षेत्रको अतिक्रमण समेत हुदै गएको छ।

**घ. वातावरणीय प्रभाव अध्ययन तथा स्वीकृति प्रक्रियाको सरलीकरण**

स्थानीय स्तरमा हुने विकास निर्माण र यसबाट वातावरणमा पर्ने असरका बारेमा गरिने वातावरणीय प्रभाव अध्ययन तथा यसको स्वीकृति प्रक्रियामा झन्झट रहेका कारण प्रभाव अध्ययन कार्य निरुत्साहित भएको देखिन्छ। तसर्थ सानातिना विकास निर्माणका सम्वन्धमा गरिने वातावरणीय प्रभाव अध्ययन कार्य जिल्ला समन्वय समितिको क्षमता विकास गरी जिम्मेवारी दिन सकिने देखिन्छ। जिल्लास्तरबाट सरल र सहज रुपमा प्रभाव अध्ययन र स्वीकृति कार्य हुनसकेमा यसको कार्यान्वयन स्तर उच्च रहनेछ।

**ङ. खोज तथा उद्धारका लागि मानवीय क्षमता अभिवृद्धि**

विपदका समयमा हुने खोज तथा उद्धार कार्यमा जिल्लाका सुरक्षा निकायहरु परिचालन हुनुका साथै स्थानीय स्तरमा समेत तालिम प्राप्त दक्ष जनशक्तिहरु उत्पादन तथा परिचालन हुन आवश्यक छ।

**च. जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (DEOC)को सुदृढीकरण**

जिल्लामा देखा पर्ने विपदको प्रकृति अनुसार सबै प्रकारका विपदका समयमा तत्काल खोज तथा उद्धार गर्न सक्ने गरी न्यूनतम सामाग्रीहरुको DEOC सुदृढीकरण तथा व्यवस्थापनका लागि आवश्यक आर्थिक स्रोत अभाव रहेको छ।तेह्रथुम जिल्ला आगलागीको दृष्टिले अत्यन्तै जोखिमयुक्त भएतापनि आगलागीजन्य जोखिमको प्रतिकार्यको लागि उच्च प्रविधियुक्त सामाग/उपकरण अभावमा प्रतिकार्य प्रभावकारी हुन सकेको छैन। तसर्थ उच्च प्रविधिमा आधारित उपकरण व्यवस्थापन गर्ने र सो उपयोगका लागि सम्वद्ध पक्षहरुको क्षमता विकास गर्नु जरुरी छ।त्यस्तै गरी लालीगुरांस



मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

नगरपालिका स्थित वसन्तपुर वजारमा मानवीय सहायता स्थल स्थापना गरिएतापनि सो को सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक जनशक्ति तथा मौजुदा सामाग्रीहरुको प्रयोग गर्ने सन्दर्भमा क्षमता तथा जानकारी अभावका कारण मानवीय सहायता स्थलको उद्देश्य अनुसार परिचालन गर्न असहज भएको छ।

**छ. राहात/अनुदान रकममा दोहोरोपना**

विपदको क्रममा क्षति भएका संरचना तथा मृत्यु भएका परिवारका सदस्यहरुलाई उपलब्ध गराउदै आएको राहात रकमका सम्वन्धमा One door Policy अवलम्वन हुन नसक्दा सरकारका ३ वटै तहबाट राहत, अनुदान उपलब्ध हुदै आएको छ। विपदका क्रममा सामान्य क्षति भएका घर/संरचनाहरुका लागि तथा प्रभावित घरपरिवारहरुका लागि स्थानीय तहले लिखित रुपमा जिल्ला विपद व्यवस्थापन समितिलाई अनुदान/राहतका लागि अनुरोध गर्ने क्रम बढ्दो छ तसर्थ कुन हदसम्मको विपद राहात/अनुदान कुन सरकार/तहले उपलब्ध गराउने हो भन्ने सम्वन्धमा स्पष्ट मार्गदर्शन आवश्यक छ।

## ७. निष्कर्ष

तेह्रथुम जिल्ला आगलागीजन्य विपद् जोखिमका दृष्टिले अत्यन्तै संवेदनशील रहेको छ। जिल्लाका देखा पर्ने विपद जोखिमको आवधिक अवस्थालाई विश्लेषण गरी जोखिम संकटासन्न स्थानहरुको पहिचानलाई अद्यावधिक गरी सम्भावित विपद जोखिमलाई न्यूनीकरण गर्न पूर्वतयारी, प्रतिकार्य र तत्कालिन पुनर्लाभिका विभिन्न कार्यहरु सञ्चालन गर्ने गरी प्रत्येक वर्ष जिल्ला विपद व्यवस्थापन समितिबाट निर्णय भएअनुसार विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी योजनावद्व रुपमा कार्यसम्पादन गर्ने गरिएको छ। जिल्लामा विपद् व्यवस्थापनका गतिविधिहरु सञ्चालन गर्न जिल्लास्तर र स्थानीय तहस्तरमा समेत विभिन्न समिति तथा संरचनाहरु रहेतापनि स्थानीयस्तरमा रहेका समिति तथा संरचनाहरुको सक्रियता अपेक्षाकृत देखिदैन तसर्थ समग्र विपद व्यवस्थापनका लागि जिल्ला विपद व्यवस्थापन समितिका गतिविधिहरु मात्र पर्याप्त हुन नसक्ने भएकाले विपद व्यवस्थापन कार्यमा स्थानीय तहको प्राथमिकता र सक्रियताका लागि समय समयमा केन्द्र तथा प्रदेशस्तरमा रहने विपद् व्यवस्थापन समितिको समेत निर्देशन आवश्यक पर्ने देखिन्छ।

स्थानीय तह र जिल्लास्तरमा रहेका समिति तथा संस्थागत संरचनाहरुको प्राथमिकता, व्यावसायिकता एवम् समन्वय र सहकार्यले मात्र जिल्लाको समग्र विपद जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभिका गतिविधिहरु जनअपेक्षित सञ्चालन गर्न सकिन्छ।



नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय तेह्रथुम

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

## अनुसूची-१

जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरू:

| क्र.सं. | नाम, थर | कार्यालय | पद | जिम्मेवारी | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | श्री मीना अर्याल | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष | ९८५२०९७७७७ |
| २. | श्री जयराम श्रेष्ठ | जिल्ला समन्वय समितिको कार्यालय, तेह्रथुम | जिल्ला समन्वय अधिकारी | सदस्य | ९८५२०४३५२५ |
| ३. | श्री सञ्जय कुमार तुम्बाहाङ्फे | म्याङलुङ नगरपालिका | नगर प्रमुख | सदस्य | ९८५२०५३०४२ |
| ४. | श्री अर्जुनबाबु मावोहाङ | लालीगुराँस नगरपालिका | नगर प्रमुख | सदस्य | ९८५२०५३०५६ |
| ५. | श्री केशव प्रसाद भेटुवाल | फेदाप गाउँपालिका | अध्यक्ष | सदस्य | ९८५१०९५८५६ |
| ६. | श्री दिलकुमार पाहिम | आठराई गाउँपालिका | अध्यक्ष | सदस्य | ९८५२६८४७३३ |
| ७. | श्री सन्तविर लिम्बु | छथर गाउँपालिका | अध्यक्ष | सदस्य | ९८५२०५३९७७ |
| ८. | श्री यादव बहादुर खापुङ | मेन्छयायेम गाउँपालिका | अध्यक्ष | सदस्य | ९८५२०८४७७७ |
| ९. | श्री फडिन्द्र थापा | स्वास्थ्य कार्यालय, तेह्रथुम | | सदस्य | ९८५२०६०१९० |
| १०. | श्री सुदिप कुमार विष्ट | शत्रुमर्दन गुल्म, तेह्रथुम | सेनानी | सदस्य | ९८५२०६१०५८ |
| ११. | श्री रञ्जन कुमार दाहाल | जिल्ला प्रहरी कार्यालय, तेह्रथुम | प्र.ना.उ. | सदस्य | ९८५२०९५५५५ |
| १२. | श्री किरण प्रकाश खत्री | सशस्त्र प्रहरी बल नेपाल, नं. ३ गुल्म | स.प्र.ना.उ. | सदस्य | ९८५१२७२२०६ |
| १३. | श्री शैलेन्द्र कुमार सिंह | पूर्वाधार विकास कार्यालय, सं.स., फिल्ड कार्यालय, | ईन्जीनियर | सदस्य | ९८५२०६१०४५ |



मीना अर्याल
प्रमुख जिल्ला अधिकारी

| क.सं. | नाम, थर | कार्यालय | पद | जिम्मेवारी | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | तेह्रथुम | | | |
| १४. | श्री अर्जुन तुम्बाहाङ्फे | नेपाली काङ्ग्रेस, तेह्रथुम | सभापती | सदस्य | ९८६१७६९२१९ |
| १५. | श्री तेजमान कन्दङवा | ने.क.पा. एमाले | अध्यक्ष | सदस्य | ९८४२१०८५८८ |
| १६. | श्री इन्द्र इम्सुङ | ने.क.पा. माओवादी केन्द्र | अध्यक्ष | सदस्य | ९८४२२१९३०६ |
| १७. | डा. खगेन्द्र कटुवाल | राष्ट्रिय स्वतन्त्र पार्टी | सभापती | सदस्य | ९८५२०३०६१२ |
| १८. | श्री टंक प्रसाद अधिकारी | राष्ट्रिय प्रजातन्त्र पार्टी | प्रतिनिधि | अध्यक्ष | ९८४२०९१७३३ |
| १९. | श्री कृष्ण दाहाल | नेपाल रेडक्रस सोसाइटी | प्रमुख | सदस्य | ९८५२०६००७२ |
| २०. | श्री कुमार विशंखे | गैरसरकारी महासंघ | प्रमुख | सदस्य | ९८५२०५३४०५ |
| २१. | श्री अमृत बास्तोला | नेपाल पत्रकार महासंघ | प्रमुख | सदस्य | ९८५२०६०९३८ |
| २२. | श्री राजिव ढुंगाना | तेह्रथुम उद्योग वाणिज्य संघ | प्रमुख | सदस्य | ९८५२०६०१८३ |
| २३. | श्री बिक्रम लिम्बु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | सहायक प्रमुख जिल्ला अधिकारी | सदस्य सचिव | ९८५२०६९६६६ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तेह्रथुम

मीना अर्याल
प्रमुख जिल्ला अधिकारी